# सैनामैना नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# बुद्धनगर, रुपन्देही ।

# ५ नं. प्रदेश, नेपाल

## विज्ञापन करको ठेक्का लगाउने सम्वन्धी

## सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

## प्रथम पटक प्रकाशित मिति : २०७६।०५।०२

सैनामैना नगरपालिकाको आर्थिक ऐन, २०७६ को दफा ७ बमोजिम यस नगरपालिका क्षेत्रभित्र विज्ञापन करको ठेक्का लगाउन आर्थिक वर्ष २०७६।०७७ को लागि वि.स.२०७७ साल आषाढ मसान्तसम्मको अवधिका लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तपसिलका शर्तको अधिनमा रही रितपूर्वकको सिलवन्दी दरभाउपत्र पेश गर्न इच्छुक व्यक्ति, फर्म वा संस्थाका लागि यो सूचना आव्हान गरिन्छ ।

ठेक्काको विवरण :

ठेक्काको नाम : सैनामैना नगरपलिका क्षेत्रभित्रको लागि विज्ञापन कर

| आय ठेक्का नं. | न्यूनतम कवोल अंक (भ्याट बाहेक) रु. | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|
| १/२०७६/०७७ | ५,००,०००। | १००० फिर्ता नहुने गरी |

१. ठेक्का अवधि सम्झौता भएको मितिले २०७७ साल असार मसान्त सम्म रहनेछ ।

२. ठेक्का अवधिको न्यूनतम अंक मुल्य अभिवृद्धिकर बाहेक रु. ५,००,०००। (पाँच लाख मात्र) रहनेछ ।

३. ठेक्काको दरभाउपत्र खरिद वापत लाग्ने दस्तुर नगदै वा कृषि विकास बैंक, परोहा शाखामा यस कार्यालयको हि.नं. ०४१४२०११४९२१००१३ मा जम्मा गरेको बैंक भौचर, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि सहितको निवेदन पेश गरी यस कार्यालयवाट खरिद गर्न सकिनेछ । साथै एउटा फर्म वा व्यक्तिको नामबाट खरिद गरेको दरभाउपत्र अर्को फर्म वा व्यक्तिको नामबाट पेश गर्न पाइने छैन ।

४. माथि उल्लेखित ठेक्काको कबोल अंकको थप मुल्य अभिवृद्धि कर १३% (प्रतिशत) राजश्व ठेक्का लिने व्यक्ति,फर्म र संस्थाले सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको प्रमाण यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

५. ठेक्काको दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र खरिद गरी १६ औं दिनको १२.०० बजेसम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ र सोही दिनको २.०० बजे दरभाउ पत्र खोलिनेछ । प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्न, दर्ता गर्ने तथा खोल्ने मितिमा विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६. न्यूनतम ठेक्का अंक भन्दा घटी कवोल गरेको, म्याद नाघेको, रित नपुगेको कुनै शर्त राखि पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

७. दरभाउपत्र दिदा आफुले कवोल गरेको अंकको ५ प्रतिशतका दरले हुने धरौटी रकम यस कार्यालयको नाममा कृषि विकास बैंक पर्सोहा शाखामा रहेको धरौटी खाता हि.नं. ०४१४२०११४९२४४०१५ मा जम्मा गरी सोको सक्कल भौचर वा बैंकले जारी गरेको सो रकम बरावरको बैंक जमानत दरभाउपत्र साथ राखि यस कार्यालयमा बुझाउनु पर्नेछ ।

८. सिलवन्दी दरभाउपत्र पेश गर्दा नगद रकम राखि सिलवन्दी गरेको पाइएमा त्यस्तो दरभाउपत्र स्वतः रद्ध हुनेछ ।

९. दरभाउपत्र दाताले खाम बाहिर पट्टी ठेक्का नम्वर र ठेक्काको विवरण र नाम स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ ।

१०. कवोल रकम अंक र अक्षरमा स्पष्ट गरि तोकिएको हुनु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

११. दरभाउपत्र दर्ता गराई सकेपछि संशोधन गर्न पाइने छैन ।

१२. कुनै व्यक्ति, फर्म वा संस्थाले आफनो नामवाट एउटा मात्र दरभाउपत्र खरिद गर्न सक्नेछ ।

१३. प्रकाशित सूचना बमोजिम दर्ता भएका कुनै वा सवै दरभाउपत्र यस कार्यालयले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सकिनेछ ।

१४. दरभाउपत्रदाताले ठेक्का सम्झौता गर्दा प्रथम किस्ता कवोल अंकको ४० प्रतिशतले हुन आउने रकम बैंक दाखिला गरी सोको भौचर यस कार्यालयमा जम्मा गरी बाँकी रकम ६० प्रतिशत रकम बरावरको ठेक्का सम्झौता अवधि वि.स. २०७७ असारसम्मको बैंक जमानत (कार्य सम्पादन जमानत) पेश गरी सकेपछि मात्र सम्झौता गरिनेछ । दोस्रो किस्ता बाँकी रकमको ४० प्रतिशत २०७७ पुस मसान्तसम्म र तेस्रो वा अन्तिम किस्ता वापतको २० प्रतिशत रकम २०७७ चैत्र मसान्तसम्म जम्मा गरी सक्नु पर्नेछ र सम्झौता गर्नुभन्दा पूर्व अग्रिम एकमुष्ट नगद रकम बुझाएमा १० (दश) प्रतिशत छुट दिइनेछ ।

१५. ठेक्कामा कुनै विवाद आएमा सैनामैना नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१६. ठेक्का कवोल गर्ने ठेकेदारले सैनामैना नगरपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफनो तर्फबाट छपाई गरी यस कार्यालयबाट प्रमाणीत गराई प्रयोग गर्नुपर्ने छ । प्रमाणीत नगरेको रसिदबाट कर उठाएको पाइएमा नियामानुसार कारवाही हुनेछ ।

१७. विज्ञापन करका दरहरु देहाय बमोजिमको रहेको छ ।

| क.स. | विवरण | दररेट रु. | कैफियत |
|---|---|---|---|
| १ | होडिङबोर्ड र फलेक्स बोर्डको २५ वर्गफिट सम्म प्रति वर्गफुट | ५५। | |
| २ | होडिङबोर्ड र फलेक्स बोर्डको २५ वर्गफिट भन्दा माथि प्रति वर्गफुट | ६५। | |
| ३ | डिजिटल बोर्ड, ग्लोबोर्ड र बिधुतिय बोर्ड प्रति वर्गफुट | ८०। | |
| ४ | भित्ते लेखन र सटर पेन्टिङ प्रति वर्गफुट | २५। | |

१८. नगरपालिका क्षेत्रभित्र आफनो पसल, व्यवसाय र उधोगको अगाडि आ आफनो व्यवसायको चिनारीको लागि बाहेकका स्थानहरुमा होर्डिङ बोर्ड, साइन बोर्ड, फलेक्स बोर्ड, डिजिटल बोर्ड, ग्लोबोर्ड, बिधुतिय बोड, भित्ते लेखन र सटर पेन्टिङ जस्ता विज्ञापन सामाग्रीहरु राखेमा उक्त दररेटमा बार्षिक विज्ञापन कर लिन पाइनेछ ।

प्रमुख प्रशासकीय अधिकृत